प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
वर्ष-१६ ।। अङ्क : ९६ ॥ २०८१ जेठ ०३ गते बिहिबार (16th May 2024 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-




# बलात्कार मुद्दामा क्रिकेटर लामिछानेलाई सफाइ

झापा(प्रस)। उच्च अदालत पाटनले जिल्ला अदालत काठमाडौंले गरेको फैसला उल्ट्याउँदै क्रिकेटर सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा सफाइ दिएको छ ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासले बुधबार जिल्ला अदालत काठमाडौंको फैसलालाई उल्ट्याउँदै सन्दीपलाई बलात्कार मुद्दामा सफाइ दिएको हो ।

उच्च अदालत पाटनका प्रवक्ता तीर्थराज भट्टराईका अनुसार प्रमाण नपुगेको भन्दै जिल्ला अदालत काठमाडौंको फैसला उल्ट्याएको हो । उनले भने, 'न्यायाधीद्वयको इजलासले सन्दीप लामिछानेविरुद्ध प्रमाण नपुग्ने भन्दै जिल्ला अदालत काठमाडौंको आदेश उल्ट्याएको छ । सन्दीप लामिछाने निर्दोष रहेको फैसला गरेको छ ।'

काठमाडौं जिल्ला अदालतले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गर्दै ८ वर्षको कैद र ५ लाख जरिवानाको सजाय सुनाएको थियो । उक्त फैसलाविरुद्ध लामिछाने र जाहेरीकर्ता उच्च अदालत पाटन गएका थिए ।



यसैबीच नेपाल क्रिकेट संघ (क्यान) ले क्रिकेटर सन्दीप लामिछानेको निलम्बन फुकुवा गरेको छ। अध्यक्ष चतुरबहादुर चन्दले बुधबार विज्ञप्ति जारी गर्दै बलात्कार मुद्दामा निर्दोष रहेको उच्च अदालतको फैसला आएकोले लामिछानेलाई घरेलु तथा अन्तर्राष्ट्रिय सबै प्रकारका क्रिकेट खेल गतिविधिबाट निलम्बन फुकुवा गरेको जानकारी गराएका छन् ।

बलात्कार मुद्दामा उच्च अदालत पाटनबाट सफाइ पाएपछि क्रिकेटर लामिछानेले आफूले नेपाली क्रिकेटलाई अझ माथि पुऱ्याउने बताएका छन् ।

सफाइ पाएपछि उच्च अदालत पाटनमा संक्षिप्त प्रतिक्रिया दिँदै लामिछानेले भने,'साढे १ वर्षभन्दा माथि भइसक्यो । फस्ट डेबाटै म निर्दोष छु भनिरहेको थिएँ । नभएको कुरामा मलाई दोषी बनाइएको थियो । यो समयमा मलाई साथ दिनेप्रति आभारी छु । नेपाललाई जहाँ पुऱ्याएको थिएँ त्यसभन्दा माथि पुऱ्याउनेछु ।

फैसलापछि सन्दीपका वकिल सरोजकृष्ण घिमिरेले यो फैसलाले न्याय पाएको र अब बाँकी न्यायिक प्रक्रियामा पनि सन्दीपले सहयोग गर्ने बताए । उनले मुद्दा लगाउने व्यक्तिप्रतिको आत्मसम्मानमा असर पर्ने कुनै काम नहुने र अरूलाई पनि नगर्न आग्रह गरे । उनले यो मुद्दापछि सन्दीप क्रकेटको कप्तानबाट हटेकोले अब सफाइ पाएपछि उनलाई क्यान क्याप्टेनमा फिर्ता गर्नुपर्ने बताए ।

# गिरीबन्धु जग्गा प्रकरणमा फाइदा लुटेर आरोप प्रत्यारोप




बिर्तामोड(प्रस) । झापाको बिर्तामोड र अर्जुनधारामा रहेको गिरीबन्धु टि इस्टेटको जग्गासम्बन्धी मुद्दामा सर्वोच्च अदालतले २०६० सालमा बिक्री भएको ५१ बिघा जग्गा फिर्ता गराउन आदेश दिएपछि कांग्रेस र एमालेबीच आरोप प्रत्यारोप शुरु भएको छ ।एकले अर्कालाई कमिशन खाएर गिरीबन्धु टि इस्टेटको ५१ बिघा जग्गा सट्टापट्टा गरी बिक्री गर्न दिएको आरोप लगाएका हुन् । २०६० सालमा सूर्यबहादुर थापा प्रधानमन्त्री भएको बेला मन्त्रिस्तरीय बैठकको निर्णयबाट गिरीबन्धुको ५१ बिघा जग्गा सट्टापट्टा भएको थियो । राजमार्गदेखि उत्तरपट्टि रहेको चियाबगान फाडेर आवासीय क्षेत्र बनाइएको थियो । सट्टापट्टाका लागि नरेश वर्मालगायतले कानुनी प्रक्रियाहरु पूरा गर्न सहयोग गरेका थिए । चियाबगान मासेर खाली बनाइएको जग्गा प्लटिङ गरेर बेच्न विष्णुकुमार राई अध्यक्ष रहेको बिर्तामोड आवास कम्पनी खोलिएको थियो । त्यस कम्पनीमा २७ जना रहेका थिए । कम्पनीमा रहेका सबैजनाले राम्रो आम्दानी गरेका थिए । राजतन्त्र फ्यालेर लोकतन्त्र ल्याउन लागेका सात दल नै चिया बगान मासेर प्लटिङ गर्न प्रत्यक्ष अप्रत्यक्ष संलग्न थिए । त्यस्तै पूर्व मुख्यमन्त्री उद्धव थापाको अध्यक्षतामा टेकबहादुर गिरी बसपार्क निर्माण समिति बनाइएको थियो । सोही समितिले भारतीय दूतावासबाट करिव दुई करोड बजेट ल्याएर बसपार्क निर्माण गरेको थियो । यसरी सबै दल र तिनका नेताहरु मिलिजुली भरपूर फाइदा लिइसकेपछि अहिले त्यस जग्गाका विषयमा आरोप प्रत्यारोप लगाउन थालेका छन् ।

यसैबीच सत्तारुढ दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले गिरीबन्धु टि-इस्टेटको जमिन कांग्रेसले नै कमिसन खाएर बेच्न दिएको आरोप लगाएका छन् । पछिल्लो समय ओली प्रधानमन्त्री हुँदा भएको टि इस्टेटको जग्गा बिक्री गर्ने सम्बन्धमा भएको निर्णयमाथि एमाले नेतृत्वलाई प्रश्न उठिरहेका बेला ओलीले भने कांग्रेसलाई नै आरोप लगाएका हुन् ।

एमाले संसदीय दलको बुधबारको बैठकमा सम्बोधन गर्दै कांग्रेसले टि इस्टेटबारे उठाइरहेको कुरा 'बकबास' रहेको उल्लेख गरे । 'म भन्न चाहन्छु-५१ बिघा र १९ बिघा गरेर ७० बिघा जमिन त्यही गिरीबन्धु टि इस्टेटको कमिसन खाएको बेच्न दिएको कुरा । यसमा छानबिन हुनुपर्छ । अब हामी नेपाली कांग्रेसले बकबास बोलिरहने र हामी चुप लागेर सुनिरहने होइन ।'

उनले कांग्रेसका बद्मासीहरुको बारेमा पनि कुरा उठाउने भन्दै सांसदहरूलाई त्यस्ता कुरा उठाउन निर्देशन दिए ।'हामी कुरा उठाउँछौं । हामीले सुनिरहनुपर्ने, कांग्रेस कराईरहनुपर्ने हुन्छ ? पार्लियामेन्ट भनेको त्यही हो ? हामी सुनिरहने, काँग्रेस कराईरहने ? यो चल्दैन' ओलीले भने, 'अब काँग्रेसका बकवास सुनिरहन हामी तयार छैनौं । चाहिने कुरा गरे हुन्छ नि त । एउटा प्रसंगमा कुरा चल्या छ । त्यो प्रसंगमा कुरा गरे हुन्छ । यतै टोक्या छ, उतै टोक्या छ, यता भुकेको छ, उता भुकेको छ । के तरिका हो यो ? र दुनियाँलाई थाहा छ ।'

उनले संसद्को गरिमामय समय कांग्रेसको कुण्ठामा खेल फाल्न नहुने बताए । 'संसद सुचारु गराउनु पर्छ । हामी सुचारु गर्ने पक्षमा छौं । कहिँ कतै अभियोजन छ भने अभियोजन चलाउने ठाउँबाट चल्ला । अनि कांग्रेसले नै अभियोजन चलाई हाल्ने ? कांग्रेसले नै फैसला पनि ठोकिहाल्ने ? प्रमाणित भ्रष्टाचारी ल्याएर, कांग्रेसका धेरै मान्छेका जन्मकुण्डली हामीलाई थाहा छ । त्यति भन्छु' ओलीले भने ।

# कांग्रेसको लोकतन्त्रवादी आदिवासी जनजाति महासंघमा राई



झापा(प्रस)। नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल आदिवासी जनजाति महासंघ क्षेत्र नं. १ सुनसरीको सभापतिमा दिनेश राई सर्वसम्मत निर्वाचित भएका छन् ।

कांग्रेसका क्षेत्रीय सभापति सुजेन्द्र तामाङको अध्यक्षतामा धरानमा भएको महासंघको प्रथम अधिवेशनबाट उनी सर्वसम्मत निर्वाचित भएका हन् । उनीसँगै अन्य पदाधिकारी, सदस्य र केन्द्रीय महाधिवेशन प्रतिनिधिसमेत सर्वसम्मत निर्वाचित भएका छन् ।

उपसभापतिद्वयमा इन्दु राजधामी र सन्तोष राई, सचिवद्वयमा सरिता मोक्तान र उज्ज्वल हलवाई, सहसचिवद्वयमा रामबहादुर श्रेष्ठ र रिजन तामाङ सर्वसम्मत निर्वाचित भएका छन् ।

त्यसैगरी, सदस्यहरूमा गीता श्रेष्ठ, दिपेश राई, रतन गुरुङ, सगुन लिम्बु, पुकार तामाङ, मोहित राई, दिलकृष्ण तामाङ, धनमाया लिम्बु, सङ्गीता सुनुवार लिम्बु र निर्मला राई रहेका छन् । अधिवेशनले सर्वसम्मत रूपमा केन्द्रीय महाधिवेशन प्रतिनिधिसमेत निर्वाचित गरेको छ । निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधिहरू तिलकबहादुर सुनुवार, राजदीप लामा, राजकुमार भुजेल, मन्जिल कसजु, रमिना सुब्बा र रमिता श्रेष्ठ रहेका छन् ।निर्वाचित सबैलाई मतदान अधिकृत इन्द्रमोहन झाले शपथ ग्रहण गराउनुका साथै प्रमाणपत्र प्रदान गरेका थिए । नवनिर्वाचित सभापति राईले गरिमामय सभापतिको जिम्मेवारी सुम्पिएको नेतृत्व वर्गलाई धन्यवाद ज्ञापन गर्दै आफूप्रतिको विश्वासमा अवाञ्छित आरोप आउने कुनै पनि गतिविधि नगरी पार्टीको आदर्शबाट अविचलित रही समग्र आदिवासी जनजाति समुदायलाई पार्टीसँग जोड्दै समुदायको हकहितका लागि प्रतिबद्ध भई कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेसका प्रदेश सभा १(२) सभापति मुरारी भट्टराई, महासमिति सदस्य जगतबहादुर कार्की, महाधिवेशन प्रतिनिधिद्वय ललिता अधिकारी शर्मा र पूजा धामीलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# जसपालाई यथास्थितिमा राख्न सर्वोच्चको आदेश



झापा(प्रस) । सर्वोच्च अदालतले उपेन्द्र यादवको रिटमा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश विनोद भट्टराईको इजलासले अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)लाई दल दर्ताको मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई यथास्थितिमा राख्न आदेश दिएको हो। अदालतले जेठ ८ गते दुवै पक्षलाई छलफलमा बोलाएको छ। 'निर्वाचन आयोगको बैठक संख्या १२/२०८१ मिति २०८१/०१/२४ को बैठकको प्रस्ताव नं. ३० मा भएका विभिन्न निर्णयहरूमध्ये कतिपय कार्यान्वयन भइसकेका र कतिपय कार्यान्वयनको प्रक्रियमा रहेका भन्ने देखिन आई उक्त विषयमा प्रत्यर्थी निर्वाचन आयोगसमेतसँग छलफल गरी निष्कर्षमा पुग्न मुनासिव देखिएकाले वैशाख २४ को बैठकबाट भएका निर्णयहरू र सोका आधारमा भएका कामकारबाहीहरू जहाँ जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा यथास्थितिमा राखी जेठ ८ मा छलफलको लागि उपस्थित हुनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (ख) बमोजिम प्रत्यर्थीहरूका नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको छ,' आदेशमा भनिएको छ।

# इन्धनको मूल्य घट्यो

झापा(प्रस)। नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको छ । इन्डियन आयल कर्पोरेसनबाट बुधबार प्राप्त नयाँ खरिद मूल्यअनुसार नेपालमा पेट्रोलमा ७



र डिजेल/मट्टितेल लिटरमा ५ रुपैयाँ घटाइएको हो । नयाँ मूल्य शनिबार मध्यरातदेखि लागू हुने छ । यसअघि पेट्रोल प्रतिलिटर १७८ र डिजेल/मट्टितेल लिटरमा १५९ रुपैयाँ थियो । अब पेट्रोल उपत्यकामा १७१ र डिजेल/मट्टितेल लिटरको १५४ रुपैयाँ पर्ने निगमका प्रवक्ता मनोज ठाकुरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# कचनकवल गाउँपालिकाद्वारा अतिविपन्न परिवारको स्वास्थ्य बीमा



झापा(प्रस)।झापाको कचनकवल गाउँपालिकाले पाँच सय परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको छ । गाउँपालिकावासीमा स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिकाले पाँच सय परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको हो । गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीले पालिकाको नीति तथा कार्यक्रममै बजेट विनियोजन गरेर चालु आर्थिक वर्षमा पाँच सय परिवारको निःशुल्क बीमा गरिएको जानकारी दिए ।

"अघिल्लो वर्ष एक हजार परिवारको बीमा गरेका थियौं", उनले भने,

❖ बाँकी अन्तिम पृष्ठमा



# नागरिक बचाउन नाट्य अभियान पोखरामा



झापा(प्रस)। नागरिक बचाउ महाअभियान नेपालले नागरिकको जीवन रक्षाका लागि भन्दै पोखरामा नाट्य अभियान सुरु गरेको छ ।
बैंक, सहकारी, लघुबित्त र मिटरब्याजीहरुको दमनलाई सहन गर्न नसकी नागरिकहरुले आत्मदाह गर्न थालेको भन्दै उनीहरुमा सचेतना जगाउँदै राज्यको ध्यानाकर्षण होस् भनेर यस प्रकारको नाट्य अभियान सञ्चालन गरिएको राष्ट्र राष्ट्रियता धर्म संस्कृति तथा नागरिक बचाउ महाअभियानका केन्द्रीय संगठन बिभाग प्रमुख हरि कार्कीले जानकारी दिए ।
बैंक तथा वितीय संस्थाहरुबाट लिइएको ऋण , ऋणको उच्चतम ब्याज दर,हर्जाना, मिटरब्याजी प्रणाली,बाणिज्य तथा उद्योग ब्यवसायको क्षेत्रमा आर्थिक मन्दीपछि देखिएको धरासायी अबस्थाबाट कुनै पनि विकल्प नपाएर आत्महत्या गर्न बाध्य नागरिकलाई संयमित भइ धैर्यधारण गर्न र ऋण असुलीको बहानामा ऋणीहरुलाई मानसिक , आर्थिक र सामाजिक यातना दिएर मर्न बाध्य तुल्याइरहेका बैंक , सहकारी, लघुबित्त र मिटरब्याजीहरुलाई यस प्रकारको ऋण असुली तत्काल बन्द गर्न र २०लाखसम्मको ऋण मिनाह गरि नागरिकको जीवन रक्षा गर्न सरकारलाई दवाब दिने उद्धेश्यले पोखराबाट अभियान थालिएको क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय अध्यक्ष तथा नाटकका निर्देशक माधब कल्पितले बताए ।जेठ १ गते पोखरा महानगरपालिकाको अमरसिंह माविको खेलमैदानबाट सुरु गरिएको नाट्य अभियान कास्की , धौलागिरी र गण्डकी अञ्चलका बिभिन्न जिल्लाका दूरदराजसम्म पुगेर प्रस्तुत गरिने र जेठ ९ गते नागरिक बचाउ महाअभियान गण्डकी अञ्चलद्वारा पोखरामा आयोजना हुने नागरिक सभामा मञ्चनपश्चात् समापन गरिने नाटकका निर्देशक कल्पितले जानकारी दिएका छन् ।

नाटकमा निर्देशक माधब कल्पित, ओमप्रकाश लुइँटेल, अनु श्रेष्ठ , सुजना खतिवडा , हरि श्रेष्ठलगायतका कलाकारहरुको अभिनय रहेको अभियानका गण्डकी अञ्चल संयोजक यदु सिग्देलले जानकारी दिएका छन् ।

# ४ सय ४० केजी गाँजासहित तीनजना पक्राउ



सुनसरी(प्रस)। सुनसरी प्रहरीले ४ सय ४० किलो गाँजासहित तीन जनालाई पक्राउ गरेको छ ।प्रहरीले देवानगञ्ज गाउँपालिका-५ स्थित मेहेता टोलबाट १३ वटा बोरामा प्याक गरिएको ४ सय ४० किलो गाँजासहित गाँजा लोड गरिएको को १ ख ७१२३ नम्बरको मिनी ट्रकसहित तीन जनालाई नियन्त्रणमा लिएको हो ।
पक्राउ पर्नेमा मकवानपुर भिमफेदी-१४ बस्ने २५ बर्षीय चन्द्रबहादुर पाखिन, मोरङ लेटाङ-६ बस्ने बलबहादुर लिम्बू र सुनसरी देवानगंज-४ का ३० वर्षीय अरबिन्द पाल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नबिनकृष्ण भण्डारीले जानकारी दिए ।
पाखिन ट्रक चालक हुन् । उनीहरुको साथबाट १ लाख ५० हजार रुपैयाँ भारु र नेपाली ५२ हजार रुपैयाँसमेत बरामद गरेको प्रहरीले जनाएको छ ।

# चन्द्रगढी भेट्रान्स फुटबलको अन्तिम चारमा




बिर्तामोड(प्रस)। चन्द्रगढी भेट्रान्स एफसी बिर्तामोडमा जारी स्वर्गीय दुर्गादेवी श्रेष्ठ स्मृति भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।
बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा बुधवार भएको खेलमा झापाको झिलझिले भेट्रान्स एफसीलाई ४-२ गोल अन्तरले पराजित गर्दै चन्द्रगढी अन्तिम चारमा प्रवेश गरेको हो ।

खेलको आठौं मिनेटमा झिलझिलेका कुमार जोशीले गोल गर्दै टिमलाई अग्रता दिलाए पनि चन्द्रगढीले गोल फर्काएपछि उसले हार व्यहोर्नु परेको थियो । खेलको २५ औं मिनेटमै चन्द्रगढीका प्रेम लिम्बूले गोल गर्दै गोल बराबरीमा ल्याएका थिए । त्यस्तै, खेलको २६ औं मिनेटमा सुवास खड्काले एक गोल थप्दै नतिजा २-१ मा पुर्याए ।

खेलको ३६ औं मिनेटमा झिलझिलेका सुवास आङथुपोले गोल गर्दै २-२ को बराबरीमा फर्किने प्रयास गरे पनि त्यसपछि थप दुई गोल खाँदा प्रतियोगिताबाट बाहिरिनु पर्यो
चन्द्रगढीका लागि खेलको ४१ औं मिनेटमा प्रेमकुमार लिम्बू र ५९ औं मिनेटमा सुवास खड्काले गोल गर्दै नतिजा ४-२ बनाएका थिए ।
प्रतियोगिताको प्लेयर अफ दि म्याच चन्द्रगढीका प्रेमकुमार लिम्बू भए । उनले नगद २५०० र ट्रफी पाए ।
कोशी प्रदेशका आठवटा टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेल जेठ ७ गते हुने आयोजक पूर्वेली युवा क्लबका कार्यवाहक अध्यक्ष दिपेन चौधरीले बताए ।
प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार १११ रुपैयाँ, ट्रफी र मेडल पाउनेछ भने उपविजेताले नगद ५५ हजार ५५५ रुपैयाँ पाउने चौधरीले बताए । त्यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २५०० र ट्रफी पाउने छन् ।
प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार र ट्रफी प्रदान गरिनेछ ।
प्रतियोगिताका उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, उच्च गोलकर्ता र प्रशिक्षकले नगद पाँच हजार र ट्रफी प्राप्त गर्ने संयोजक टेकराज तिलिङ्ले बताए ।पूर्वेली युवा क्लब बिर्तामोडका अध्यक्ष रविन श्रेष्ठले आफ्नी आमा दुर्गादेवी श्रेष्ठको स्मृतिमा विजेताको नगद पुरस्कार प्रदान गरेका छन् ।

# स्लोभाकियाका प्रधानमन्त्रीमाथि गोली प्रहार

एजेन्सी । स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि गोली प्रहार भएको छ। क्याबिनेट बैठकबाट बाहिरिँदै गर्दा उनीमाथि गोली प्रहार भएको हो।
गोली लागेर प्रधानमन्त्री फिको घाइते भएका छन्।
उनलाई घाइते अवस्थामै अस्पताल पुऱ्याएको बीबीसीले उल्लेख गरेको छ। स्थानीय अस्पतालमा प्राथमिक उपचारपछि उनलाई हेलिकोप्टरबाट बान्स्का बाइस्ट्रिकास्थित ट्रमा सेन्टरमा भर्ना गरिएको छ।
गोलीबाट घाइते भएका फिकोलाई सुरक्षाकर्मीहरूले तत्काल कारमा राखेर अस्पताल लगिएको भिडियो यतिबेला भाइरल बनेको छ। गोली हान्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान अगाडि बढाएको जनाएको छ।

# मोटरसाईकल दुर्घटनामा चालकको मृत्यु

झापा(प्रस)। झापाको दमक नगरपालिका -३ स्थित भित्री सडकखण्डमा मोटरसाईकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाईकल चालकको मृत्यु भएको छ ।
मंगलवार साँझ ५ बजे ताराबारीबाट गोलाटारतर्फ जाँदै गरेको प्रदेश १-०१-०१५ प ८७३६ नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाईकल चालक झापा मेचीनगर नगरपालिका-५ का ३० बर्षीय सुनिल लावतीको मृत्यु भएको हो । घाईते लावतीलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारको क्रममा राति पौने १० बजे मृत्यु भएको थियो । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## कचनकवल...

"यहाँ आर्थिक रूपले विपन्न परिवारको बसोबास धेरै छ, उनीहरूमा स्वास्थ्य सेवाको पहुँच बढाउन गाउँपालिकाले स्वास्थ्य बीमालाई प्राथमिकतामा राखेको छ ।"
गत वर्ष गरिएका एक हजार परिवारले नवीकरण गर्दा बीमा शुल्कको २५ प्रतिशत रकम बुझाउनुपर्ने उनले बताए। कचनकवलले अतिविपन्नसँगै पालिकाभित्रका गर्भवती महिलाको समेत निःशुल्क स्वास्थ्य बीमा गर्ने गरेको छ ।
कचनकवल गाउँपालिकामा वार्षिक सामाजिक सुरक्षा भत्तामार्फत रु पाँच करोड ९५ लाखभन्दा बढी खर्च हुने गरेको अध्यक्ष राजवंशीले बताए । गाउँपालिकामा चार हजार तीन सय चारजनाले सामाजिक सुरक्षा भत्ता लिँदै आएका छन् । चालु आवको चौथो त्रैमासिकसम्ममा सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या चार हजार तीन सय चार पुगेको गाउँपालिकाले जनाएको छ ।

# पिकअपमा भेटियो २ सय ५० किलो गाँजा



झापा(प्रस)। विराटनगरमा काँचो केरा लोड गरिएको पिकअप गाडीबाट ठूलो परिमाणको लागूऔषध गाँजा बरामद भएको छ । नेपाल-भारत सीमानजिक विराटनगर महानगरपालिका-१७ आईसीपी रोडबाट प्रहरीले मंगलबार राति ११:३५ बजेतिर २ सय ५० किलोग्राम गाँजा बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय रानीबाट खटिएको संयुक्त टोलीले प्रदेश १-०२-०२ च ६३३१ नम्बरको पिकअपलाई नियन्त्रणमा लिएर खानतलासी गर्दा गाँजा भेटिएको थियो।
पिकअपलाई बाटोको साइडमा रोकेर केरा र गाँजा अनलोड गर्दै गरेको विशेष सूचना प्राप्त भएपछि नियन्त्रणमा लिन मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीले टोली परिचालन गरेका थिए। बोरामा प्याक गरेर पिकअपको पछाडि डालामा राखिएको अवस्थामा गाँजा बरामद भएको एसपी कार्कीले बताए।

उनका अनुसार काँचो केरा लोड गरिएको पिकअपबाट गाँजा बरामद भएपछि चालक धनकुटाको सहिदभूमि गाउँपालिका-३ का १८ वर्षीय दिवस राईलाई पक्राउ गरिएको छ। केरा ओसारपसार गरेको देखाएर गाँजाको अवैध धन्दा चलाउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। 'केराको आवरणमा गाँजा तस्करी गर्ने गरेको खुल्यो,' एसपी कार्कीले भने, 'यस विषयमा थप अनुसन्धान भइरहेको छ।'
उनका अनुसार पिकअपको डालोमा गाँजा तल राखी माथिबाट केराले छोपिएको थियो। पिकअप र गाँजासहित पक्राउ परेका चालकका सम्बन्धमा इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर सन्दीप बेलबासे नेतृत्वको टोलीले थप अनुसन्धान अघि बढाएको छ। चालक राईविरुद्ध लागूऔषध ऐनअन्तर्गतको मुद्दा चलाउने प्रहरीको तयारी छ।

प्रहरीका अनुसार पूर्वी पहाडी जिल्लामा उत्पादन हुने गाँजा अवैध बाटोको प्रयोग गर्दै सुरक्षाकर्मीलाई छलेर भारत कटाउने गरिएको छ। बरामद भएको गाँजा पनि भारततर्फ लैजानका लागि सीमा क्षेत्रनजिक पुऱ्याइएको प्रहरीको भनाइ छ। नेपालमा भन्दा भारतमा दोब्बर बढी मूल्य पाइने भएका कारण अवैध धन्दामा संलग्नले विभिन्न उपाय लगाएर तयारी गाँजा भारत पुऱ्याउने गरेका हुन्।

# मेची राजमार्गमा यातायात संचालन



झापा(प्रस) । ताप्लेजुङमा निर्माण गरिनेपाथीभराकेबलकार परियोजनाविरुद्ध संघर्षरत समूहले आव्हान गरेको दुईदिने यातायात बन्दको झापा र इलाममा खासै प्रभाव परेको छैन ।
आफ्नो मागविपरीत क्रियाकलाप सुरु गरिएको भन्दै संघर्षरत समूहले मेची राजमार्ग, तमोर कोरिडोर र ताप्लेजुङ जिल्लामा यातायात बन्द आह्वान गरेको हो । मेची राजमार्गमा बिहानैदेखि यातायात संचालन भइरहेको जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता डीएसपी प्रकाश जवेगूले बताए ।
त्यस्तै झापाबाट पनि मेची राजमार्ग हुँदै सवारी साधनहरु संचालन भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले जानकारी दिएका छन् । तर,बन्दका कारण ताप्लेजुङमा यातायात चलेका छैनन् ।
मुक्कुमलुङ संरक्षण संयुक्त संघर्ष समिति, पाथीभरा केबलकार खारेजी संयुक्त संघर्ष समिति, किरात याक्थुम चुम्लुङ संघीय समितिलगायतका संघ संस्थाको आयोजनामा बन्द गरिएको हो ।

# दमकमा लागूऔषधसहित चारजना पक्राउ

दमक(प्रस)। झापाको दमकमा प्रतिबन्धित लागूऔषधसहित चारजना पक्राउ परेका छन् । मंगलवार राति अन्दाजी १० बजेको समयमा दमक नगरपालिका वडा नम्बर २ स्थित हिमालय माध्यमिक विद्यालयनजिक बाटोमा लागूऔषध बिक्री गरिरहेको विशेष सूचना पाई बस्ने बर्ष २६ का प्रकाश लिम्बूले बोकेको स-सानो प्लाष्टिकको पोकामा ३० पोका ब्राउनसुगर भेटिएको थियो ।

त्यसलाई डिजिटल तराजुमा तौल गर्दा प्लास्टिकसहित ७ ग्राम ५१० मिलिग्राम ब्राउनसुगर फेला परेकोले




प्रहरी टोली पुग्दा दमक २ बस्ने बर्ष ४३ का नेत्र थापा, सोही ठाउँ बस्ने बर्ष २६ का भेषबहादुर भुजेल, बर्ष १९ का किरण थापा र वडा नं.५ उनीहरुलाई तत्काल नियन्त्रणमा लिई सो सम्बन्धमा थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

**हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना**

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरु**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# संसदलाई बन्धक नबनाऊ

प्रतिपक्षी नेपाली कांग्रेसको अवरोधका कारण राष्ट्रपति रामचन्द्र पौडेलले धन्यवाद पाएनन् । मंगलबार साँझ बैठक प्रारम्भ भएको सभामुखले घोषणा गर्नासाथ कांग्रेस सांसदहरु वेल घेराउ पुगेका थिए । उनीहरुले 'सहकारी पीडितलाई न्याय दे', 'सहकारी ठगलाई कारबाही गर', 'संसदीय छानबिन समिति गठन गर' लगायत नारा लगाएका थिए ।

जनताको सार्वभौम थलोका रूपमा रहेको संघीय संसद्को बजेट अधिवेशनसँग नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट प्रस्तुत गरी पारित गर्नुपर्ने दायित्व रहेको छ । प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले गृहमन्त्री रवि लामिछाने मुछिएको भनिएको सहकारी प्रकरणमा छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने आवाज उठाइरहेको छ भने सत्तापक्ष त्यसमा सहमत भएको छैन ।

केही समयअघिसम्म सरकारकै नेतृत्व गर्न आग्रह गरिएका व्यक्तिले फरक गठबन्धन रोजेपछि अहिले समिति गठनको माग अघि सारिएको सत्तारुढ दलहरुको दाबी छ भने प्रतिपक्षले समिति गठन हुनैपर्ने बताइरहेको छ । लोकतन्त्रमा प्रश्न उठिसकेपछि त्यसको छानबिन गर्नु, दोषी भए कारवाही गर्नु र नभए सफाइ दिनु अन्यथा होइन, यसमा सत्ता पक्ष सहमत हुनु आवश्यक देखिन्छ । तर यही विषयलाई लिएर जनताको आवाज मुखरित गर्ने थलो संसदलाई बन्धक बनाउनु भने लोकतन्त्रमा सुहाउने विषय होइन । त्यसैले जतिसक्दो चाँडो यो विवादमा निकास खोजेर संसद सुचारु गर्न आवश्यक छ ।

जनताका प्रतिनिधिले संसदमार्फत मुलुकका समसामयिक विषयमा प्रश्न उठाउनु र ती समस्या समाधानका लागि सरकारले तदारुकता देखाउनुलाई संसदीय व्यवस्थाको विशेषता मानिन्छ । अहिले देशका विभिन्न ठाउँमा भएका आगजनी तथा डढेलोबाट ठूलो जनधनको क्षति भएको छ । पीडितहरु खुला आकाशमुनि बस्न बाध्य छन् । वातावरण प्रदूषणको असर, राष्ट्रिय गौरवका आयोजनाका कामको गति, सरकारको पूँजीगत खर्चमा कमी, खानेपानी अभाव, आसन्न मनसुनजन्य विपत्को पूर्व तयारी, बजार मूल्य नियन्त्रण र सहज आपूर्ति, अर्थतन्त्रको सुधार जस्ता विषयहरु संसदमा बोलिने जनप्रतिधिका विषय हुन् । यी लगायत अन्य कैयौं विषय असरल्ल छाडेर अहिले एउटा विषयमा विवाद झिकेर संसदलाई बन्धक बनाउनुहुँदैन ।

यो अधिवेशनको महत्वपूर्ण काम नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गर्ने त छँदैछ, कानुन निर्माणको ढिलासुस्तीलाई चिर्नुपर्ने दायित्व बाँकी नै छ । संघीय संसद कानुन निर्माणमा निकै पछि परेको छ । जनताको आवाज बुलन्द गर्ने र कानुन निर्माणमा केन्द्रित हुनुपर्ने थलोलाई विषयान्तर गरेर आफ्नो राजनीतिक उद्देश्य पूर्ति गर्ने थलोका रुपमा प्रयोग गर्नु राम्रो होइन । यसले जनतामा पनि राम्रो प्रभाव पार्दैन ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# बहसमा स्थानीय सरकार



• रूपचन्द्र अधिकारी

नेपालको संविधानको धारा २३२ ले कल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयको अभ्यास एउटा महत्वपूर्ण पक्ष हो । धारा ५७ को राज्यशक्तिको बाँडफाँटसम्बन्धी व्यवस्था, धारा ५८ को अवशिष्ट अधिकारको व्यवस्था, धारा ५९ को आर्थिक अधिकारको प्रयोगसम्बन्धी व्यवस्था तथा धारा ६० को राजस्व स्रोतको बाँडफाँटसम्बन्धी व्यवस्थालगायतका संवैधानिक व्यवस्थाले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारलाई जोडेको छ । संविधानमा किटानीसाथ उल्लेख भएबाहेक यसको कार्यान्वयनमा इँटा थप्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत तर्जुमा भएका ऐन तथा कानुनले सरकारका तहबिच अन्तरसम्बन्ध स्थापित गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५ लगायतका अन्य ऐन तथा कानुनले सबै सरकारी निकायहरूको नियमित काम कारबाही सञ्चालन गर्न निश्चित मापदण्ड र दिशानिर्देश गरेका छन् । यस कारण पनि राज्यका तहबिच बहुआयामिक अन्तरसम्बन्ध हुने नै भयो । उल्लिखित संघीय कानुनी व्यवस्थाबाहेक अन्य केही व्यवस्थाले विशेषतः स्थानीय तहहरू परनिर्भर हुँदै गएको साथै संघ र प्रदेश सरकारको व्यवहार संघीय प्रणालीमैत्री नहुने अवस्था छ ।

स्थानीय तहहरू आत्मनिर्भर भएनन् भनिरहँदा उनीहरूलाई सशक्तीकरण गराउनुपर्ने जिम्मेवारीका विषयमा सोच्नुपर्ने समय आएको छ । गाउँ/नगरसभाले आर्थिक ऐनमार्फत दर्ता शुल्क र सिफारिस शुल्क घटाएको प्रसङ्गलाई अतिरञ्जित बनाएर बाटो बिराएको भन्न रत्तिभर सुहाउँदैन । संघीय लोकतान्त्रिक गणतन्त्र जस्तो उत्तरआधुनिक व्यवस्था, जसलाई लोककल्याणकारी राज्यको चरम स्वरूप मानिन्छ । यस व्यवस्थामा राज्यले आम्दानीको स्रोत बढाउन आफ्ना नागरिकबाट दर्ता र सिफारिस शुल्क लिने र अझ त्यसको दरमा वृद्धि गर्ने काम सदैव अनुचित हो । कारोबारमा आधारित राजस्व बढी सङ्कलन गर्ने मालपोत कार्यालय स्थानीय तहमा हस्तान्तरण हुन सकेका छैनन् । तराई र बेसी क्षेत्रका केही स्थानीय तहको हकमा कंक्रिट विकासको संस्कृतिलाई प्रोत्साहन गर्दै केही बालुवा र ढुङ्गा बिक्रीबाट राजस्व सङ्कलन होला । सहरी क्षेत्रका स्थानीय तहलाई पनि विज्ञापन कर तथा व्यवसाय कर आदि बापत केही राजस्व प्राप्त होला । त्यसबाहेकका स्थानीय तहलाई आत्मनिर्भर हुन कुन सम्भावना होला ? ठुला राजस्वको सम्भावना भएका क्षेत्रहरू संघ र प्रदेश मातहत नै रहेको देखिन्छ । यस्तो अवस्थामा कमजोर र नहुनेलाई सहयोग गर्ने प्राकृतिक नियम अवलम्बन गर्नु पर्छ । यद्यपि सहयोग कहाँ खपत भयो भन्ने निगरानी पनि उत्तिकै अनिवार्य छ ।

राज्य व्यवस्था एकात्मक भए पनि वर्तमान व्यवस्थामा जनप्रतिनिधित्व गर्ने पात्रहरू अधिकांश पुरानै छन् । यो सन्दर्भमा संघीय सरकार आत्मनिर्भर हुन नसकेको लेखाजोखा भुल्न मिल्दैन । प्रदेश सरकार तथा स्थानीय तहमा दुई/चार वटा राजस्व स्रोत हस्तान्तरण गरेर मात्र संघीय सरकार वैदेशिक सहायताका लागि हात फैलाउन बाध्य भएको हो र ? समानीकरण, ससर्त, विशेष र समपूरक अनुदानमा केही प्रतिशत, रोयल्टी आम्दानीमा ५० प्रतिशत तथा मूल्य अभिवृद्धि कर र अन्तःशुल्कमा ३० प्रतिशत राजस्व तल्ला तहमा हस्तान्तरण गरेरै राज्यको आर्थिक अवस्था कमजोर भएको भन्न पक्कै नमिल्ला ! यो प्रक्रियाले राजस्वको हिस्सा हस्तान्तरण सँगै जिम्मेवारी पनि स्वतः हस्तान्तरण भएको छ । एक हिसाबले भन्ने हो भने संघ सरकारलाई स-साना नागरिक आवश्यकताहरूको टाउको दुःखाइ कम भएको छ । यसर्थ आफू-आफूबिच आत्मनिर्भरताको युद्ध गर्नुभन्दा व्यावहारिक निकास आवश्यक छ । अनौपचारिक अर्थतन्त्रको हिस्सा राज्यले अनुमान गरेको भन्दा धेरै ठुलो भएको कुरामा शङ्का छैन । यसलाई औपचारिक माध्यममा जोड्न सके संघीय सरकार आत्मनिर्भर मात्र हुने होइन, मुठी फुकाएर तल्ला तहका सरकारलाई अनुदान बाँड्न सक्ने क्षमताको निर्माण हुन्छ ।

आर्थिक पक्ष बाहेक प्रशासनिक पक्षको बहस अझ धेरै चासोयुक्त, स्वार्थयुक्त र जटिल पनि छ । राज्य पुनर्संरचनापछि नयाँ संविधान निर्माण भएको दशक पुग्न लाग्दा प्रशासनिक संघीयतालाई बाटो देखाउने सङ्घीय कानुन निर्माण नहुँदा यसै पनि जटिलता उत्पन्न हुने नै भयो । यसमा थपिएको कुरा रोचक पनि छ । संघीय कानुन तर्जुमा हुनुअघि प्रदेशहरूले आफ्नो र स्थानीय तहहरूको प्रशासन सञ्चालन गर्न कानुन तर्जुमा गरिसकेका छन् । तिनीहरू संघीय कानुनसँग बाझिने कानुन खारेज हुने स्वजाहेर व्यवस्थाबिच कार्यान्वयन तहमा गएका छन् । यही कुरालाई लिएर संघीय कानुन निर्माता र संघीय विज्ञहरू तल्ला सरकारलाई काम गर्न नजानेको भन्दैछन् । प्रदेश सरकारले बिराएको के नै छ र ? सबै प्रदेशहरूले संविधानले प्रदान गरेको अधिकार अनुसार विभिन्न कानुन तर्जुमा गरेका छन् । त्यसमा प्रदेश र स्थानीय तहहरूको प्रशासन सञ्चालन गर्ने कानुन थप भएका मात्र हुन् ।


संघीय कानुनले अन्य कानुनलाई धेरै समेट्ने पनि देखिँदैन, जति छलफल हुने गरेको छ । संरचनागत हिसाबले संघीय सरकारको प्रथम श्रेणीको कर्मचारी प्रदेश सरकारमा काजमा जाँदा विशिष्ट श्रेणी बराबर हुने भएपछि जोसुकैले पनि आफ्नो पदीय हैसियत प्राप्त गर्न संघ अन्तर्गत नै आउनुपर्ने देखिन्छ, जसले कर्मचारीभित्र एक प्रकारको वर्गीय खाडल नै सिर्जना हुँदै गएको छ । संघीय निजामती ऐन बन्न नसक्नुमा वृत्ति विकासका विभिन्न स्वार्थ छँदै छन् । यसका अतिरिक्त स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघको रहने/नरहने अन्तरवस्तु प्रधान भएको देखिन्छ । प्रदेशको बार्गेनिङ क्षमताले भ्याएसम्म उनीहरू पनि प्रदेश सेवाको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत रहनुपर्ने अन्यथा कम्तीमा पनि खटनपटन आफूले गर्न पाउनुपर्ने बिन्दुमा छन् । यस विषयमा स्थानीय तहका जनप्रतिनिधि मौन छन् । त्यो स्वाभाविक पनि छ । किनकि एक वा दुई कार्यकाल स्थानीय तहको नेतृत्व गर्न पाउने कानुनी प्रावधानबाहेक प्रशासनिक सबलताको उनीहरूलाई खासै चिन्ता देखिँदैन । साँघुरो वृत्ति विकास र अन्य अवसरले नहुँदा स्थानीय तहमा हेपिएको र पेलिएको महसुस गरिरहेका स्थानीय तह अन्तर्गत नै रहेका कर्मचारीको आफूहरूमध्येबाट नै प्रशासनिक नेतृत्व पाउनुपर्ने आवाज छ । यसरी प्रमुख प्रशासकीय अधिकृतमा तीन तहका सरकार युद्धरत रहँदा स्थानीय तहको समग्र प्रशासनिक भविष्य अँध्यारो भएको देखिन्छ ।

स्थानीय तहमा नवौँ र दसौँ तहका कर्मचारी कार्यरत रहँदा कानुनी मान्यता नपाए पनि हैसियतले सातौँ र तलब सुविधाको हिसाबले छैटौँ तह बराबरको शाखा अधिकृतलाई आफ्नो प्रतिनिधिको रूपमा संघीय सरकारले स्थानीय तहहरूमा छोटो अवधिका लागि खटाउँदै गर्दा प्रशासनिक संघीयता जटिल बनेको छ । कतिपय प्रदेशले तर्जुमा गरेका कानुनको प्रशासकीय नेतृत्वसम्बन्धी यही व्यवस्थाले सरकार सानो भए पनि माथिल्ला तहका सरकारका आँखा भने स्थानीय तहतर्फ नै सोझिएका छन् । यसलाई घरको कान्छो सन्तानको ममता बढी भएको सकारात्मक विम्ब प्रयोग गर्ने वा कोइला खानीमा भेटिएको हिरामा सबैको आँखा परेको अवस्था ठान्ने ? समयक्रममा यो प्रमाणित होला । त्यसैले स्तानीय तहमा जुन अवस्था निर्माण भएको छ, त्यसले शासन, विकास र सेवा प्रवाहमार्फत नागरिकलाई राज्यप्रति विश्वस्त बनाउनुपर्ने आवश्यकतामा गम्भीर धक्का लाग्न सक्छ । यसतर्फ राज्यको दृष्टि पर्न जरुरी छ ।

# संसद्को प्रभावकारितामा प्रश्न



• रमेश घिमिरे




सांसदको काम कानुन बनाउने हो तर उनीहरू वडा अध्यक्षले गर्ने काम गर्न लालायित छन्। निर्वाचन क्षेत्रमा सामुदायिक भवन, शौचालय जस्ता निर्माण कार्य गर्न उनीहरूको रुचि हुन्छ । भनसुन गरेर सरकारी कार्यालयबाट आफ्ना मानिसको काम गराउन सकियो भने उनीहरू आफ्नो सफलता ठान्छन् । संसदीय समितिहरू मन्त्रालय र विभागलाई यो काम गर र नगर भनेर निर्देशन दिनुलाई महान् ठान्छन् ।

सांसद आफ्नो कामभन्दा कार्यकारीको काममा किन रुचि र चासो राख्छन् ? कानुन बनाउने सांसदको कानुन निर्माणमा चासो नभएपछि नेपालमा राम्रो कानुन कसरी बन्छ ? कानुन राम्रो नभई शासन प्रणाली कसरी सुधार हुन्छ ? शासनमा सुधार नभई नागरिकले सुख, समृद्धि कसरी प्राप्त गर्छन् ? यी प्रश्नको उत्तर खोज्नुपर्ने भएको छ।

समस्या कानुन कि कार्यान्वयन ?

नेपालमा कानुन सबै राम्रा छन्, तिनको कार्यान्वयन मात्र नभएको हो भन्ने धेरैको बुझाइ छ । यसको अर्थ सांसदको भूमिका प्रभावकारी छ तर सरकारको छैन भन्ने हुन्छ । सरकारको काममा हस्तक्षेप गरेर सांसदले कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रयत्न गरेका हुन् भनेर दाबी पनि गरिन्छ । जुन कानुन कार्यान्वयन हुन सक्दैनन्, ती कसरी राम्रा हुन्छन् ? कानुन जनसहभागितामा निर्माण हुनु पर्छ ।

आमसर्वसाधारण र सरोकारवालाको सहमतिमा कानुन आउनु पर्छ । देशको कानुनमा कर्मचारी, व्यापारी, उद्योगी, किसान सबैको अपनत्व हुनु पर्छ । एकाध मानिसले कानुन उल्लंघन गरे भने कारबाही गर्न सकिन्छ । बहुसंख्यकबाट पालना नहुने कानुन छन् भने कानुनमा त्रुटि छ भनेर बुझ्नु पर्छ । सांसदहरूलाई सरकारी कार्यालयबाट तत्काल नतिजा चाहिन्छ तर वर्षौंदेखि अति आवश्यक कानुन निर्माण नहुँदा परेको असरबारे उनीहरू चिन्तित देखिँदैनन् । उदाहरणका लागि विद्युत् विधेयक सरकार १३ वर्ष र निजामती सेवा ऐन छ वर्षदेखि संसद् र मन्त्रीपरिषद्मा आउने जाने भइरहेको छ । धेरै कानुनको हालत यस्तै छ ।

सरकारले २०८१ वैशाख १६ र १७ गते काठमाडौंमा अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गर्‍यो । नेपालमा विदेशी लगानी अत्यन्तै न्यून छ । यसलाई बढाउन झन्झटिला कानुनी व्यवस्थालाई सरलीकृत गर्न १२ वटा कानुन संशोधन गर्ने प्रतिबद्धता सरकारले गरेको थियो तर १६ गते मात्रै आठ वटा कानुन अध्यादेशबाट संशोधन भए ।

**कानुन निर्माणको व्यवस्था**

नेपालका ७७ जिल्लालाई १६५ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । ११० जना दलहरूले प्राप्त मतको आधारमा मनोनयन गर्छन् । यसरी २७५ जनाको प्रतिनिधि सभा रहेको छ । त्यस्तै प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधिले मतदान गरेर ५६ जना र राष्ट्रपतिले मनोनयन गरेर तीन जना गरी ५९ जनाको राष्ट्रिय सभा रहेको छ ।

नीति मन्त्रीपरिषद्, ऐन संसद् र नियमावली मन्त्रिपरिषद्ले बनाउँछ । ऐन बनाउन विधयेकको मस्यौदा मन्त्रिपरिषद्ले संसद्मा पेस गर्छ । सांसदले आफैँ निजी विधेयक पनि ल्याउन सक्छन् । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कानुन बनाउने अधिकार संसद्को हो । नेपालमा कानुन बनाउने काममा कार्यपालिकाको पनि महत्वपूर्ण सहभागिता रहन्छ । कुन दर्शन र सिद्धान्तबाट कानुन बनाउने भन्ने प्रस्ताव कार्यपालिकाले गर्छ । नीति भनेको त्यही हो । त्यस्तै ऐनलाई कसरी कार्यान्वयन गर्ने भन्ने कार्यविधि पनि कार्यपालिकाले नै तय गर्छ । नियमावली त्यही हो ।

**व्यवस्थाकै कमजोरी**

अमेरिकामा सांसदको मूल्याङ्कन कुन कानुन निर्माणमा पहलकदमी लियो, कस्तो भूमिका निर्वाह गर्‍यो भन्नेमा हुन्छ । नेपालमा कति वटा सामुदायिक भवनमा बजेट हाल्यो, कति जनालाई जागिर खुवायो र कति जनालाई सरकारी कार्यालयको सेवा दिलायो भन्ने आधारमा मूल्याङ्कन हुन्छ । यसका पछाडि हामीले अङ्गीकार गरेको व्यवस्था मुख्य जिम्मेवार छ । नेपाल र भारत जस्ता देशमा बेलायती संसदीय मोडेल लागु भएको छ । यहाँ कार्यपालिका र व्यवस्थापिकाको सीमा राम्ररी छुट्टिँदैन । व्यवस्थापिकामा बहुमतप्राप्त व्यक्ति नै कार्यपालिका प्रमुख हुने हो ।

कार्यपालिकाले जे कानुन प्रस्ताव गर्छ, व्यवस्थापिकाले त्यही पारित गर्छ । सत्तारूढ दलको सांसदले निजी विधेयक पेस गर्नै परेन किनकि उसको चाहना अनुसारको विधेयक कार्यपालिकाले तयार गरिहाल्छ । विपक्षी दलका सांसदले निजी विधेयक पेस गरे पनि त्यो पारित हुँदैन । बेलायतमा त्यति राम्रो सुशासन छ । त्यही प्रणालीले यहाँ किन भएन ? यसको उत्तर हुन्छ, बेलायतमा प्रणालीले सुशासन भएको होइन । त्यहाँ संविधान नै बनाइएन । बेलायतमा कानुन नै चाहिँदैन । प्रथा, परम्पराबाट शासन निर्देशित हुन्छ । राजनीतिक संस्कारका कारण सुशासन भएको हो ।

**विकल्प के ?**

अमेरिका जस्तो राष्ट्रपति प्रणालीमा जाने हो भने सांसदहरू स्वतः कानुन निर्माणमा सीमित हुन बाध्य हुन्छन् । राष्ट्रपति प्रणालीका अरू कमजोरीको मूल्य हामीले चुकाउनुपर्ने हुन्छ । अहिलेकै प्रणालीबाट संसद्को भूमिका कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर विकल्प खोज्नु नै उत्तम देखिन्छ ।

सांसद हुन चाहिने योग्यता भनेको दलको विश्वास र जनताको मत हो । नपढेका मानिस सांसद छन्, उनीहरूको ढङ्ग छैन, त्यसैले राम्रो कानुन बन्दैन भन्ने एकथरिको निष्कर्ष छ । सांसद बन्न शैक्षिक योग्यता राख्नु पर्छ भन्ने माग पनि बेला बेला उठ्ने गर्छ ।

सांसद स्वयमूले आफ्नो भूमिकाबारे चिन्तन गरेर धेरै सुधार गर्न सकिन्छ । संसदीय व्यवस्थामा सांसद, सरकार र दल एउटै हो । दल प्रमुखले जे चाह्यो, त्यही हुने हो भनेर अरू निस्क्रिय बस्नु हुँदैन । दलको प्रमुखको चासो र स्वार्थ नभएका कैयौँ विषय हुन्छन् । ती विषयमा राम्रो भूमिका निर्वाह गर्न सकिन्छ ।

सांसद बन्नु नै पूर्ण होइन । सांसद भएपछि पहुँचले भ्याएसम्म स्रोतसाधन वितरण गर्ने र सेवाप्रवाह गराउने भूमिका होइन । सांसद भनेको जनतामाझ बस्दा आफूले बुझेको शासन र संसद्मा पुगेपछि बुझेको शासनमा के भिन्नता रहेछ भनेर पहिल्याउने हो । पढ्ने, लेख्ने र काम गर्ने कर्मचारीले हो, राजनीति गर्नेले मुखले निर्देशन दिने मात्र हो भन्ने बुझाइ छ । सांसदले कस्तो कानुन बनाउँदा जनताको आय आर्जन र खुसी बढ्छ भन्ने थाहा पाउनु पर्छ । त्यसैले सांसद बन्न केही अध्ययन गर्नु नपरे पनि सांसद भएपछि अध्ययन गर्नु पर्छ । अध्ययन गर्ने काम विज्ञको हो भनेर सांसद ढुक्क बस्न मिल्दैन । विज्ञले गरेको अध्ययनको तबसम्म केही काम हुँदैन, जबसम्म सांसदले ती विज्ञलाई पढ्दैनन् ।

सांसद भएपछि कुनै पनि समस्यालाई जे देखिन्छ, त्यही समस्या मानेर पुग्दैन । सतहमा देखिने समस्याको लक्षण मात्र हुन्छ, कारण देखिँदैन । कारण खोज्न आफ्नो मात्र बुझाइ पर्याप्त हुँदैन । सर्वसाधारण, स्थानीय अगुवा, सरोकारवाला, बाह्य विज्ञ र आफ्नो बुझाइलाई समान भार दिएर स्वतन्त्र विश्लेषण गर्नु पर्छ ।

सबै समस्याको जरो पत्ता लाग्छ भन्ने हुँदैन । देखिएको समस्या के कारणले आयो ? त्यो कारणभित्रको कारण के हो ? यतिसम्म बुझ्नै पर्छ । यति गर्दा जरो भेटिएन भने त्योभन्दा भित्र जानु हुन्न । दार्शनिक र राजनीतिकर्मीको भेद बाँकी राख्नु पर्छ । अन्त्यमा पढेलेखेका योग्य व्यक्तिहरूले राष्ट्र सेवा गर्ने इच्छा छ भने राजनीतिमा होमिने चुनौती स्वीकार गर्नु पर्छ । परम्परागत ढङ्गबाट सांसद बन्ने व्यक्तिले पनि सांसद बनिसकेपछि आफूलाई अध्ययनशील र सक्षम बनाउन प्रयत्न गर्नु पर्छ । यसरी संसद्को गरिमा र महत्वलाई वृद्धि गर्न सकिने छ । यसले देशको समृद्धिको बाटो पनि खोल्ने छ ।

# एक वर्षअगावै पुलको निर्माण अन्तिम चरणमा



झापा(प्रस)। मदन भण्डारी राजमार्गसँग स्थानीय तोरीबारी सडकलाई जोड्ने गरी निर्माण सुरु गरिएको उदयपुरको त्रियुगा नगरपालिका-७, कालीखोलास्थित त्रियुगा पुलको निर्माण अन्तिम चरणमा पुगेको छ।

त्रियुगाकै सिवाही, बेलकाको गिदेरीखोला, धाप्लाङ सुनकोशीलगायतका अन्य कतिपय ठुला पक्की पुलको निर्माण वर्षौंदेखि अलपत्र परिरहेको तर तोरीबारी कालीखोलाको यो पुल भने निर्धारित समयसीमाभन्दा एक वर्षअगावै सम्पन्न हुन लागेको निर्माण कम्पनीले जनाएको छ।

दुई स्पान र तीन वटा पिल्लरको करिब नौ मिटर चौडाइ तथा ८२ मिटर लम्बाइ रहेको पक्की पुल निर्माण गर्न कोशी प्रदेश सरकारले ११ करोड ३६ लाख ८५ हजार रुपैयाँ उपलब्ध गराएको पूर्वाधार विकास कार्यालय उदयपुरका साइट इन्जिनियर विवेकानन्द झाले बताए।

वीरेन्द्रनगर सुर्खेतका वाइएसएस निर्माण कम्पनीले ठेक्का सम्झौता गरी २०८० साल असोज १ बाट निर्माणको काम थालेको हो। निर्माण गर्न सुरु गरेको नौ महिना पनि नबित्दै मंगलबार दोस्रो स्पान पनि ढलान गरेपछि करिब ९० प्रतिशत काम सम्पन्न गरेको र यही महिनाभित्रमा पुलको सम्पूर्ण कार्य सम्पन्न गर्ने गरी काम भइरहेको इन्जिनियर झाले बताए।

निधारित समयभन्दा एक वर्षअगावै निर्माण सम्पन्न गर्ने गरी आफूहरूले २०८० साल वैशाख ११ गते सम्झौता गरेको र सो अनुरूप निर्माणको काम तीव्र रूपमा अगाडि बढाइएको र कार्यालयले पनि काम सम्पन्न भएअनुसार रकम भुक्तानी दिइरहेकाले अबको एक महिनाभित्रमा काम सम्पन्न गर्नमा आफूहरूलाई आर्थिक अभाव पनि नभएको निर्माण व्यवसायी महेशकुमार रेग्मीले बताए।

निर्माण कार्य सम्पन्न भएको आधारमा करिब सात करोड रुपैयाँ भुक्तानी भइसकेको र अब बाँकी काम सम्पन्न भएको अवस्थामा करिब चार करोड रुपैयाँ भुक्तानी दिनुपर्नेमा आगामी असार मसान्तसम्ममा काम सम्पन्न गरी भुक्तानी दिन कुनै कठिनाइ नभएको इन्जिनियर झाले बताए।

पुल निर्माणको कामसँगै त्रियुगा नदीको दुवै किनारामा पुलभन्दा माथिको भागमा दुई/दुई सय र तलको भागमा ५०/५० मिटर गरी करिब पाँच सय मिटर लामो तारजाली लगाएर नदी नियन्त्रणको कामसमेत सम्पन्न भइसकेकाले अबको दुई महिनाभित्रमा अर्थात् निर्धारित समयभन्दा करिब एक वर्षअगावै पुल निर्माणको सम्पूर्ण काम सम्पन्न गरी हस्तान्तरण गर्ने क्रममा रहेको निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर लक्ष्मण बस्नेतले बताए।

त्रियुगा नगरपालिकाका नगर प्रमुख बसन्तकुमार बस्नेतले द्रुत गतिमा यस किसिमको उदाहरणीय कार्य गर्ने निर्माण व्यवसायीलाई रकम अभाव हुन नदिन आफूले सकेसम्म पहलकदमी गरेको र तोरीबारी मदन भण्डारी सडक अन्तर्गत रहेको त्रियुगा पुलका लागि तत्काल बजेट व्यवस्था गर्ने विषयमा कोशी प्रदेश सरकारसँग बारम्बार ताकेता गरिरहेको बताए।

अब दोस्रो स्पानको पनि स्ल्याब ढलान सम्पन्न भएपछि पुलको रेलिङ र वारिपारि दुवैतर्फ एप्रोच सडक निर्माणको काम मात्र बाँकी रहेकाले अबको दुई महिनाभित्रमा सम्पूर्ण काम सम्पन्न गरिने निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर बस्नेतले बताए।

# कश्मीरमा बन्धक बनाइएका ३६ नेपालीको उद्धार

झापा(प्रस)।भारतको कश्मीर पुऱ्याएर बन्धक बनाइएका ३६ जना नेपालीहरूको उद्धार गरिएको छ। सर्लाही, महोत्तरी र धनुषाका विभिन्न गाउँबाट मजदुरीका लागि कश्मीर पुगेका उनीहरूलाई उद्धार गरी नेपाल फर्काउने काम भइरहेको छ।

नेपालबाट मजदुरीका लागि भन्दै राम्रो पारिश्रमिक दिने प्रलोभनमा कश्मीर पुऱ्याइ बन्धक बनाइएका उनीहरूलाई उद्धार गरिएको हो। कश्मीर लगेपछि उनीहरूसँग भएको नगद, नागरिकता र मोबाइल खोसेर ठेकेदारले पारिश्रमिक समेत नदिई कुटपिट गरेको, डर, धम्की देखाएर काममा लगाएको पीडितहरूको गुनासो छ।

मंगलबार दिल्लीस्थित नेपाली दूतावास र सामाजिक संस्था किन इण्डियाको समन्वयमा सबै मजदुरलाई कश्मीरबाट उद्धार गरी दिल्ली लगिएको थियो। उद्धार गरिएका सर्लाहीका दिनेश पासवानले काम गर्नका लागि भनेर लगिएको तर काम गर्न भन्दा गएको दिन नै कुटपिट गरी मोबाइल, नगद सबै खोसेर काममा लगाउने गरेको बताए। उनले खाना पनि राम्रोसँग खान नदिने गरेको बताए। नालाको काम भनेर लगेकोमा छतको काम गर्न लगाएको बताए।



त्यस्तै धनुषाका रञ्जित चौधरीले मोबाइल, नागरिकता, पैसाहरू सबै खोसेर राखेको बताए। काम लगाउनेले मार्नेसम्मको धम्की दिएको उनले बताए। काम भनेको नमाने आतंकवादी भनेर पक्राउ गर्न लगाउने धम्की दिने गरेको उनले बताए। झन्डै ३ महिना बन्धक बनाएपछि दिल्लीस्थित नेपाली दूतावास, जम्मुकश्मीर पुलिस, क्राइम ब्रान्च, सिआरपिएफको सहयोगमा उनीहरूलाई उद्धार गरी दिल्ली पुऱ्याइएको हो।

घटनामा आबद्ध दुई जना अभियुक्तलाई पनि पक्राउ गरिएको बताइएको छ। उनीहरूलाई २ वटा कोठामा ताला लगाएर राखिएको थियो। नेपाली कामदारलाई एउटै कोठामा थुनेर राखिएको थियो। बसेकै कोठामा दिसापिसाव गर्नुपर्ने, दुई समय खान पनि नदिने र कश्मीर पुगेको दिनदेखि नै नुहाउनसमेत नदिइएको उनीहरुले बताए। सोही समूहबाट भागेर नेपाल आएका पीडित युवकले नेपालमा कुनै पनि नेताले सहयोग नगरेको बताए।

सुरुमा ४ जना नेपालीलाई लिएर गएको र पछि ७ जना भागेको उनीहरुले बताए। ठेकेदारको बन्धकबाट भागेका ७ जनामध्ये एक जनाले आफूले भोगेका यातनाहरूबारे आफ्नो आफन्तहरूको खबर गरेपछि सामाजिक अभियन्ता सरोज रायले उद्धारको लागि पहल सुरु गरेको बताए। सो समूहमा तीन महिनाअघि ४३ जना नेपाली कामका लागि गएका थिए।

उनीहरूलाई कानुनी प्रक्रिया पूरा गरी नेपाल फर्काउने काम भइरहेको छ। घटनामा संलग्न मुख्तकिम आलम र मो. साजादलाई पक्राउ गरिएको छ भने जमाल मन्सुरी र मलिम मन्सुरी फरार छन्। उनीहरुविरुद्ध मुद्दा दर्ता गरी कारबाहीको प्रक्रिया अघि बढाइएको छ।

# भीरबाट लडेर एकजनाको मृत्यु

झापा(प्रस)। ओखलढुङ्गामा भीरबाट लडेर एक जनाको मृत्यु भएको छ। चिशंखुगढी गाउँपालिका-८ माम्खाका करिब ५६ वर्षीय पदमबहादुर बस्नेतको भीरबाट लडेर ज्यान गएको हो।

सोही स्थानको रमिते भीरको ठाडेखोलानजिक खानेपानीको पाईप बनाउने क्रममा लडेर बस्नेतको ज्यान गएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रहरी निरीक्षक बालिस्टार सिंहले बताए।करिब पाँच सय मिटर तल खसेर टाउको तथा शरीरका विभिन्न भागमा गहिरो चोट लागेर गम्भीर घाइते भएका बस्नेतको उपचारका लागि अस्पताल लैजाने क्रममा ज्यान गएको प्रहरी निरीक्षक सिंहले जानकारी दिए।

रुम्जाटार अस्पतालमा शव परीक्षणपश्चात् परिवारको जिम्मा लगाइएको प्रहरी निरीक्षक सिंहको भनाइ छ। दुई दिनअघि मोलुङ गाउँपालिका-३ का करिब ७३ वर्षीय जितबहादुर सुनुवारको पनि भीरबाट लडेर ज्यान भएको थियो। बाख्रा गोठालो जाने क्रममा मसिने डाँडा भीरबाट लडेको ढुङ्गाले लाग्दा सुनुवारको घटनास्थलमै ज्यान गएको थियो। दुवै घटनाका विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ५ वर्षमा आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य

झापा(प्रस) ।आगामी पाँच वर्षमा मुलुकको आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको सोह्रौँ योजनाको लक्ष्यअन्तर्गत आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको हो। योजना आयोगका प्रवक्ता यमलाल भुसालले सोह्रौँ योजनाको बारेमा प्रस्तुतिकरण गर्दै आर्थिक वृद्धिदर बढाउने लक्ष्य रहेको बताए।

उनका अनुसार आव २०७९/८० मा करिब ३.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८५/८६ सम्म ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य छ।

उनका अनुसार प्रतिव्यक्ति आय वार्षिक दुई हजार तीन सय ५१ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको छ। सार्वजनिक सोह्रौँ योजनाका लक्ष्य अनुसार




गरिबीको रेखामुनी रहेको जनसंख्या (निरपेक्ष गरिबी) २०.३ प्रतिशतबाट १२ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ। यसैगरी उपभोक्ता मुद्रास्फीतिदर ७.७ प्रतिशतबाट ५ प्रतिशतमा झर्ने लक्ष्य रहेको छ। तथ्याङ्क अनुसार मानव विकास सूचनाङ्क ०.६०१ बाट बढाएर ०.६५ पुऱ्याउने लक्ष्य रहेको छ। मानव सम्पत्ति सूचनाङ्क ७६.३ बाट ७८ पुऱ्याउने लक्ष्य रहेको छ। आर्थिक तथा वातावरणीय जोखिम सूचनाङ्क २९.७ बाट २४ मा झार्ने लक्ष्य पनि तय भएको छ।

यसैगरी अपेक्षित आयु ७१.३ बाट ७३ वर्ष पुऱ्याउने लक्ष्य रहेको छ। ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार ७७ बाट ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। उच्च मध्यमस्तरको खानेपानीको पहुँच भएको घरपरिवार २५.८ बाट ४५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। साक्षरता दर ७६.२ बाट ८५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। सोह्रौँ योजना कार्यान्वयन गर्नका लागि अनुमानित लगानी करिब रु एक सय ११ खर्ब लाग्ने भएको छ।

# नेपाली महिलालाई कुवेतमा पुऱ्याएर यातना

झापा(प्रस)। मानव तस्करीका एक गिरोहले नेपाली महिलाहरूलाई दुबईको कम्पनीमा आकर्षक तलबसहित रोजगारीमा लगाइदिने भनी कुवेतमा तस्करी गरेर यातना दिएको खुलेको छ। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले हालै अनुसन्धान गरेको एक घटनामा उक्त तथ्य खुलेको हो। पीडितले दिएको जानकारीका आधारमा आफन्तले उद्धारका लागि प्रहरीमा निवेदन दिएपछि अनुसन्धानका क्रममा प्रहरीले उक्त रहस्य पत्ता लगाएको हो।

गिरोहले सुरुमा दुबई भनेर लैजाने र लोभमा फसाएर कुवेत पुऱ्याइ घरेलु कामदारमा लगाएको भेटिएको हो। घरेलु काम नगर्ने, बरु फिर्ता गरिदिन अनुरोध गर्दा डेढ लाख रकम मागी पीडितमाथि शारीरिक तथा मानसिक यातनासमेत दिएको पाइएको कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले बताए। उनीहरूले विदेशमा सम्पर्क कार्यालय नै खोलेर यसरी मानब तस्करी गर्ने गरेको पाइएको छ।

उक्त घटनामा संलग्न रहेका दैलेख र गोरखाका एक-एक जना युवक पक्राउ समेत परेका छन्। पक्राउ पर्नेमा दैलेखको नारायण नगरपालिका-९ घर भइ हाल काठमाडौँको तारकेश्वर बस्ने २४ वर्षीय राकेश सुनार र गोरखा पालुङटार-६ घर भई बौद्ध पिपलबोट बस्ने २५ वर्षीय आयुष विक रहेका छन्।

उनीहरुमाथि बेरोजगारीका लागि दुबईमा रहेको कम्पनीमा आकर्षक तलब हुने प्रलोभनमा पारी महिलाहरूलाई भिजिट भिसामा दुबई लगी घरेलु काममा लगाइ शारीरिक तथा मानसिक यातना दिएको आरोप छ।

उनीहरूले अनुमतिबिना आफ्नो नाम ढाँटी ठूलो संख्यामा महिलालाई सरकारले निषेध गरेको घरेलु कामदारमा पठाउने गरेको पनि प्रहरी अनुसन्धानबाट खुलेको छ। पीडितहरूले काम गर्न नसकेपछि स्वदेश फर्किन खोज्दा एजेन्टले बन्धक बनाएर १ लाख ५० हजार मागेको र मार्ने धम्कीसमेत दिएपछि पीडित महिलाले आफन्तलाई खबर गरेका थिए। त्यसपछि प्रहरीमा जाहेरी परेको थियो।

आरोपी राकेश नेपालीले गोपाल सुनार र राकेश सुनारको नाममा जन्ममिति फरक राखी ठेगाना फरक बनाइ २ वटा नागरिकता लिएको पनि भेटिएको प्रहरीले जनाएको छ। उनीहरुलाई थप अनुसन्धान गर्न मानब बेचबिखन अनुसन्धान ब्यूरोमा बुझाइएको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस्।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सौन्दर्यतामा धन खर्च हुनेछ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ। सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ। नयाँ काममा हात हाल्ने समय छ।

**सिंह** सरकारी निकायको भय रहला। शेयर बजारले पनि साथ नदेला।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला। तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ। सामान हराउने भय पनि छ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ। एउटै कामबाट दोहोरो लाभ